सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बङ्गाँडा,प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

प.सः २०७८।०७९
च.न. १४८

मितिः २०७८/५/७

श्री वडा कार्यालयहरु सबै
सरुमारानी गाउँपालिका, प्यूठान ।

**विषयः बैठकको निर्णय पठाईएको सम्बन्धमा ।**

प्रस्तुत विषयमा सरुमारानी गाउँकार्यपालिकाको मिति २०७८/४/३२ गते बसेको कार्यपालिकाको बैठकको निर्णय प्रतिलिपि आवश्यक जानकारी एवं कार्यान्वयनको लागी यसै पत्र साथ संलग्न राखी पठाईएको ब्यहोरा अनुरोध छ ।

७८।५।७
नि. प्रमुख प्रशासकीय अधिकृत

<u>बोधार्थ</u>
श्री अध्यक्ष ज्यू/उपाध्यक्ष ज्यू, सरुमारानी गाउँपालिका, प्यूठान
श्री सबै शाखा/उपशाखाहरु, सरुमारानी गाउँकार्यपालिकाको कार्यालय, प्यूठान
श्री सूचना प्रविधि शाखा website मा राखी दिनु हुन ।



Scanned with CamScanner

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बडडाँडा, प्युठान
लुम्बिनी प्रदेश, नेपाल
२०७२

खड्ग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

## सरुमारानी गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक (बैठक संख्या -८७)

मितिः- २०७८/०४/३२

बैठकका प्रस्तावहरु

१. स्थानीय दररेट स्वीकृत गर्ने सम्बन्धमा ।

२. गत बर्षको बचत रकमबाट भुक्तानी दिनु पर्ने रकम सम्बन्धमा ।

३. सडक मर्मत संभार गर्ने सम्बन्धमा ।

४. बिज्ञापन कर संकलन गर्ने सम्बन्धमा ।

५. योजना निर्माणको आर्थिक तथा प्राविधिक सहयोग माग गर्ने सम्बन्धमा ।

६. घरनक्सापास तथा अभिलेखिकरण सम्बन्धी तालिम संचालन सम्बन्धमा ।

७. विविध सम्बन्धमा ।

खड्ग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बडडाँडा, प्युठान
लुम्बिनी प्रदेश, नेपाल
२०७२

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

## मिति २०७८/४/३२ का कार्यपालिका बैठकका निर्णयहरु

**निर्णय न १ स्थानीय दररेट स्वीकृत गर्ने सम्बन्धमा ।**

प्रस्ताव न. १ माथी छलफल गर्दा प्यूठान जिल्लाको जिल्ला दररेट समितिले तयार पारेको दररेट लाई आधारमानी यस सरुमारानी गाउँपालिका स्तरीय स्थानीय दररेट निर्धारण समितिको मिति २०७८/३/१४ गतेको बैठकले तयार गरेको स्थानीय दररेटलाई स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय न २ गत बर्षको बचत रकमबाट भुक्तानी दिनु पर्ने रकम सम्बन्धमा ।**

प्रस्ताव न. २ माथी छलफल गर्दा यस सरुमारानी गाउँपालिकाको आ.ब. २०७७/०७८ को लागी विनियोजित रकम मध्ये सोही आ.ब. मा खर्च भई चालु आ.ब २०७८/०७९ को लागी बचत (अल्या.) रकम मध्ये अधिल्लो आ.ब. मा दायित्व श्रृजना भएको र भुक्तानी दिनु पर्ने रकम रु ८४,७२,८७४/- तपशिल बमोजिम भुक्तानी दिने/विनियोजन गर्ने निर्णय गरियो ।

तपशिल

| सि न | भुक्तानी दिनु पर्ने/विनियोजन गर्नु पर्ने योजना तथा कार्यक्रम विवरण | रकम रु | कैफियत |
|---|---|---|---|
| १ | विधालयहरुको वेरुजु रकम बेरुजु खातामा दाखिला गर्नु पर्ने बजेट रु | १४,३६,६४२.४२ | |
| २ | सामाजिक सुरक्षा भत्ता रकम बेरुजुखातामा दाखिला गर्नु पर्ने ( आ.ब. २०७६/०७७) | ८,०००.० | |
| ३ | ओम कन्सट्रक्सन धरौटी फिर्ता | १,३०,२७२.१८ | |
| ३ | प्रदेश सरकारलाई विगत बर्षको रोयल्टी फिर्ता रु. | १५,९०,८१४.० | |
| ४ | गाउँपालिका स्तरीय अस्पतालको डि.पि.आर. को भुक्तानी | १०,००,०००.० | |
| ५ | ५ र ६ न. वडा कार्यालय र गाउँपालिकाको कार्यालयका झ्यालहरुमा ग्रिल राख्ने कामको लागी रु. | ३,००,०००.० | |
| ६ | ढाँड खानेपानी विधुत क्षमता विस्तार योजना रु. | ५,००,०००.० | |
| | जम्मा | ४९,६५,७२९.६५ | |
| | बाकी रकम रु | ३५,०७,११७.३५ | |

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

सरुमारानी गाउँ कार्यपालिकाको कार्यालय, लुम्बिनी प्रदेश, २०७४

भग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

मन बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

**निर्णय न ३ सडक मर्मत संभार गर्ने सम्बन्धमा ।**

प्रस्ताव न. ३ माथी छलफल गर्दा यस सरुमारानी गाउँपालिका अन्तर्गत यस गाउँपालिका भित्रका विभिन्न सडकहरु बर्षादको कारण मर्मत गरी सूचारु गर्नु पर्ने अत्यावश्यक भएकोले कार्यालयबाट डोजर/स्क्वेटरहरुको ब्यबस्था मिलाई यथासक्य चाडो मर्मत गर्नको लागी मर्मत संभार शर्षकबाट रु. २,५०,०००/- विनियोजन गर्ने निर्णय गरियो ।

तपशिल

| सि.न | वडा अन्तर्गतका योजनाहरु | अनुमानित लाग्ने समय | प्रतिघण्टा दर रु. | जम्मा रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | वडा न. १ अन्तर्गतका विभिन्न सडकहरुको मर्मत | ७ घण्टा | २२६०/- | १५,८२०/- | डोजर/स्कयावेटरको प्रयोग |
| २ | वडा न. २ अन्तर्गतका विभिन्न सडकहरुको मर्मत | १० घण्टा | २२६०/- | २२,६००/- | ,, |
| ३ | वडा न. ३ अन्तर्गतका विभिन्न सडकहरुको मर्मत | १६घण्टा | २२६०/- | ३६,१६०/- | ,, |
| ४ | वडा न. ४ अन्तर्गतका विभिन्न सडकहरुको मर्मत | १० घण्टा | २२६०/- | २२,६००/- | ,, |
| ५ | वडा न. ५ अन्तर्गतका विभिन्न सडकहरुको मर्मत | २० घण्टा | २२६०/- | ४५,२००/- | ,, |
| ६ | वडा न. ६ अन्तर्गतका विभिन्न सडकहरुको मर्मत | २५ घण्टा | २२६०/- | ५६,६००/- | ,, |
| ७ | वडा न. ३ मा ग्राभेल राख्ने कामको लागी | | | ११,०००/- | |
| ८ | वडा न. २ मा ग्राभेल राख्ने कामको लागी | | | १०,०००/- | |
| ९ | अन्य अत्यावश्यक मर्मत कार्यको लागी | | | ३०,१२०/- | |
| | जम्मा | | | २५००००/- | |

**निर्णय न ४ बिज्ञापन कर संकलन गर्ने सम्बन्धमा ।**

प्रस्ताव न. ४ माथी छलफल गर्दा यस सरुमारानी गाउँपालिका अन्तर्गत विज्ञापन कर संकलन गर्ने कार्य अगाडी बढाउने निर्णय गरियो ।

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

मन बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

**निर्णय न ५ योजना निर्माणको आर्थिक तथा प्राविधिक सहयोग माग गर्ने सम्बन्धमा ।**

प्रस्ताव न. ५ माथी छलफल गर्दा यस सरुमारानी गाउँपालिकाको आ.ब. २०७७/०७८ मा संस्थागत स्व-मुल्यांकन गर्दा गाउँपालिकाको कमजोर सूचक रहेका तपिशलका क्षेत्र/विषयको लागी प्रदेश प्रशिक्षण प्रतिष्ठान नेपालगंज/प्रादेशिक तथा स्थानीय शासन सहयोग कार्यक्रमसंग आर्थिक तथा प्राविधिक सहयोग माग गर्ने निर्णय गरियो।

<u>तपिशल</u>

१. क्षमता विकास योजना निर्माण
२. राजश्व सुधार कार्ययोजना निर्माण
३. सडक गुरु योजना निर्माण
४. स्थानीय तहको डिजिटल प्रोफाईल निर्माण
५. दिर्घकालिन रणनितिक योजना निर्माण (आवधिक योजना)

**निर्णय न ६ घरनक्सापास तथा अभिलेखिकरण सम्बन्धी तालिम संचालन सम्बन्धमा ।**

प्रस्ताव न. ६ माथी छलफल गर्दा यस गाउँपालिकाका कर्मचारी, जनप्रतिनिधि र अन्य ब्यक्तिहरुलाई घरनक्सापास तथा अभिलेखिकरण सम्बन्धी तालिम संचालन गर्ने निर्णय गरियो ।साथै उक्त तालिम संचालनको गर्नको लागी आवश्यक पर्ने रकम रु. १,२०,०००/- चालु प्रशासनिक शिर्षकबाट कर्मचारी तालिम तथा गोष्ठि शिर्षकबाट भुक्तानि गर्ने निर्णय गरियो ।

**निर्णय न ७ विविध सम्बन्धमा ।**

- यस सरुमारानी गाउँपालिकाको चालु आ.ब. २०७८/०७९ को लागी स्वीकृत बार्षिक योजना अन्तर्गतका योजनाहरुको उपभोक्ता समिति गठन २०७८ भाद्र १५ गते भित्र सम्पन्न गर्ने र गठन भएका उपभोक्ता समितिहरुलाई योजना संचालन सम्बन्धि तालिम संचालनको लागी कन्टेन्जेन्सी शिर्षकबाट रु १,७०,०००/- विनियोजन गर्ने निर्णय गरियो ।
- कोभिड-१९ महामारिका कारण संस्थासंस्थामा सेवा प्रवाहलाई थप प्रभावकारी बनाउनको लागी नेपाल सरकारले स्वीकृत गरेको स्वास्थ्य तर्फको रिक्त रहेको अ.न.मी. सहायक चौथो तहको स्थायी पदमा स्थायी कर्मचारी आएमा स्वत

Scanned with CamScanner

नरहने गरी एक जना अ.न.मी करार सेवामा पदपुर्तिको लागी विज्ञापन गर्ने निर्णय गरियो ।

- सार्वजिनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्यिता सम्बन्धी निर्देशिका २०७७" को दफा १९(१) लाई संशोधन गरी निम्नानुसार कायम गर्ने "अध्यक्ष/उपाध्यक्षको निजी सचिवालयमा सहयोगी कर्मचारी/निजि सचिवको व्यवस्थापन गर्न वढीमा गाउँपालिकाको अध्यक्षको लागि पच्चिस हजार मासिक खर्च र उपाध्यक्षको लागि चौविस हजार मासिक खर्च गर्न सकिनेछ । उक्त रकम एकमुष्ठ उपलब्ध गराउने वा निजी सचिवालयको लागि कर्मचारी राखे मध्ये कुनै एक तरिकाबाट मात्र खर्च गर्न सकिनेछ ।"
- यस गाउँपालिकाका विभिन्न स्थानमा रहेका सि.सि. क्यामेरा र सडक बत्तिहरु मर्मत गर्ने निर्णय गरियो ।
- वडा न. ५ र ६ को बडा भवनहरुमा विधुत लाईन बत्ति र सरसफाईको ब्यबस्था गर्ने निर्णय गरियो ।
- सार्वजिनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७७" बमोजिम गाउँपालिका अध्यक्ष र उपाध्यक्षको निजि सचिवालयमा निजि सचिवको रुपमा निम्न ब्यक्तिहरुलाई कर्मचारीको रुपमा करार सेवामा नियुक्त गर्ने निर्णय गरियो।
  - श्री दधिराम खनाल सरुमारानी गाउँपालिका वड न. ३-अध्यक्षको निजि सचिव
  - श्री ज्ञानुप्रसाद खनाल सरुमारानी गाउँपालिका वडा न.२-उपाध्यक्षको निजि सचिव
- नेपाल सरकारबाट गत आ.ब. २०७७/०७८ मा संचालित सुरक्षित नागरिक आवास कार्यक्रम अन्तरगत यस गाउँपालिकामा २०० घरधुरी छनौट र संझौता भएकोमा ८५ घरधुरीहरुलाई पेश्की स्वरुप रु.३०,०००/- का दरले रु. २५,५०,०००/- भुक्तानी भएको र बाकी रकम निकासा नभएकोले चालु आ.ब. २०७८/०७९ को लागी सो कार्यक्रम अन्तरगत प्राप्त हुने बजेट बाट भुक्तानी दिने निर्णय गरियो ।

प्रमाणिकरण मिति:- २०७८।०४।३२

उपरोक्त निर्णयहरु गरी आजको बैठक सौहार्दपूर्ण वातावरणमा समापन गरियो ।

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष